Illegible handwritten signature

# नगर कार्यपालिकाको २० औं बैठक (२०७५ कार्तिक ७ गते) का निर्णयहरु

निर्णयहरु

१. महानगरको विकास गुरुयोजना निर्माण एवं अन्य नीतिगत निर्णय निर्माण अगाडि विज्ञ परामर्शको प्राप्ति लगायतका उद्देश्यका लागि तयार पारिएको विज्ञ परिचालन सम्बन्धी कार्यविधि, २०७५ पारित गरी लागू गर्ने र समय समयमा अद्यावधिक गर्दै जाने निर्णय गरियो ।

२. महानगरपालिकाको लागू औषध तथा मदिरा नियन्त्रण सम्बन्धी कार्ययोजना र महानगरपालिकालाई बालश्रममुक्त पार्ने सम्बन्धी कार्ययोजना सम्बन्धमा प्रस्तुतीकरण भयो । दुवै कार्ययोजनालाई सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. चितवन उद्योग संघले पेश गरेको करको दायरा वृद्धि तथा संकलित व्यवसायिक करको निश्चित हिस्सा संघलाई उपलब्ध गराउने सम्बन्धी प्रस्ताव उपर छलफल हुँदा हाललाई संकलित व्यवसाय करको तीन प्रतिशत रकम कर प्रभावकारिताको क्षेत्रमा खर्च हुने गरी चितवन उद्योग संघलाई चौमासिकरुपमा उपलब्ध गराउने निर्णय गरियो ।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट भरतपुर महानगरपालिका अन्तर्गत कार्यान्वयन हुने गरी समावेश भएका आयोजनाहरुको घोषणा कार्यक्रम २०७५ कार्तिक ११ गते ११.०० बजे राखिएको विषयमा बैठकमा जानकारी गराइयो ।

विविध निर्णयहरु

१. भरतपुर महानगरपालिका अन्तर्गत नदीजन्य एवं खानीजन्य पदार्थ संकलन, उपयोग तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५ पारित गरियो ।

२. तीन पांग्रे सवारी साधन सम्वन्धी प्रहरी मुठभेडमा घाइते भएका महेन्द्र सुनारको उपचारका लागि अलाइभ अस्पतालबाट पेश भएको विल भुक्तानी सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, चितवनसँगको समन्वयमा भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३. महानगरीय चक्रपथ सम्बन्धमा हालसम्म वडागत भेलाबाट निर्णय भै आएको विवरण र व्यहोरा बैठकमा जानकारी गराइयो ।

४. महानगर क्षेत्रभित्र बजार एवं ट्राफिक व्यवस्थापन सम्बन्धमा गठित कार्यदलले सिफारिस गरेका विषयहरुलाई अनुमोदन गर्नुका साथै सो सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

५. अटोभिलेजका लागि अत्यावश्यक थप जग्गा सम्बन्धमा सम्बन्धित समितिबाट निर्णय भै डिजाइन सहित प्राप्त भएकोमा उक्त डिजाइन स्वीकृत गरी सो का लागि थप संभाव्य जग्गा व्यवस्थापन लागि

Scanned by CamScanner

सार्वजनिक जग्गा पहिचान तथा संरक्षण कार्यान्वयन समितिलाई लिखित रुपमा निर्देशन दिने निर्णय गरियो ।

६. विगत वर्षहरुदेखि महानगरपालिकाबाट रक्तदाताहरुलाई प्रदान गर्दै आएको अनुदान रकम सम्बन्धमा एकरुपता कायम गर्न प्रतिव्यक्ति रु. १०० कायम गर्ने निर्णय गरियो ।

७. भरतपुर महानगरपालिका वडा नं. १० (साविकको १०/ग कि.नं. १६६४ ज.वि. ०-०-३-२५) मा सलिम खानको नाममा रहेको घर भूकम्पबाट भत्किई उक्त स्थानमा नयाँ घर पुनः निर्माण गर्न नक्सा पासको लागि निवेदन पर्न आएकोमा बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ अनुसार घर अगाडि ६ मि. चौडाईको बाटो हुनुपर्ने उल्लेख भएको तर उक्त जग्गामा १ मि. चौडाईको मात्र बाटो भएतापनि उक्त जग्गा अंशवण्डा प्रकृयाबाट आएको र आ.व. ०७४/०७५ को भवन निर्माण सम्बन्धी मापदण्डको बुदा नं. ३ मा अंशवण्डा प्राप्त जग्गामा ६ मि. भन्दा कम चौडा भएतापनि नक्सा स्वीकृत गर्न मिल्ने प्रावधान रहेको समेत आधारमा उक्त जग्गामा घर निर्माण गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

८. भरतपुर महानगरपालिकाको अन्तरिम संगठन संरचनामा प्रस्ताव गरेअनुरुप नै २०७५ भाद्र ८ को सामाजिक विकास महाशाखामा हाललाई विविध सेवा तर्फको मुख्य महिला अधिकृत पदस्थापन गरी सो को जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो । त्यसैगरी महानगरमा बढ्दो कार्यवोझका कारण नगर प्रहरीको संख्या हालको १० वाट वढाएर २० कायम गर्ने गरी पदअनुसारको दरवन्दी तेरिज प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

९. अष्ट्रेलियास्थित नेपाली राजदुतावासको १६ अक्टोबर, २०१८ को पत्रानुसार अष्ट्रेलियाको Bayside Council संग भगिनी सम्बन्ध विस्तारका लागि आगामी १२ डिसेम्बर, २०१८ मा Signing of Friendly Agreement at Bayside Council Ordinary Meeting मा सहभागी हुन महानगरपालिकालाई कुनै आर्थिक दायित्व नपर्ने गरी नगर प्रमुख श्री रेनु दाहालज्यूलाई मनोनयन गर्ने निर्णय गरियो । साथै श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुमतिको लागि अनुरोध गर्ने समेत निर्णय गरियो ।

२०७५/८/८

Scanned by CamScanner

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

३ नं. प्रदेश

भरतपुर, चितवन, नेपाल

प.सं. ०७५/७६ सा.प्र.शा.

च.नं. १५८९

मिति २०७५/०७/०९

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०७/०७ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७५/०७/०९
(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राखु हुन ।

श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner